तारकेश्वर नगरपालिका

तारकेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

धर्मस्थली, काठमाडौं

बागमती प्रदेश, नेपाल

राजपत्र

भाग २ | खण्ड ९ | संख्या ६ | मिति: २०८२/०९/१८

तारकेश्वर नगरपालिका डिजिटल बोर्ड व्यवस्थापन तथा विज्ञापन सम्बन्धी कार्यविधि, २०८२

प्रमाणीकरण मिति: २०८२/०९/१८

प्रस्तावना: नेपालको संविधानको धारा २२१, २२६ तथा अनुसूची – ८ र अनुसूची ९, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बमोजिम स्थानीय तहलाई प्राप्त अधिकार प्रयोग गरी तारकेश्वर नगरपालिकाको क्षेत्रभित्र अत्यधिक आवतजावत हुने स्थान, चोक तथा सार्वजनिक स्थलहरूमा स्थापना गरिएका डिजिटल बोर्डहरूलाई व्यवस्थित, पारदर्शी, प्रतिस्पर्धी र प्रविधिमैत्री ढङ्गले सञ्चालन गर्न विज्ञापन प्रसारणमार्फत नगरपालिकाको आन्तरिक आय वृद्धि गर्न, नगरपालिकाले गरेका काम, कारवाही, उपलब्धि र सार्वजनिक सूचना प्रभावकारी रूपमा प्रचार–प्रसार गर्न बाञ्छनीय भएकोले तारकेश्वर नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ बमोजिम नगरकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

परिच्छेद – १
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस कार्यविधिको नाम " तारकेश्वर नगरपालिका डिजिटल बोर्ड व्यवस्थापन तथा विज्ञापन सम्बन्धी कार्यविधि, २०८२" रहनेछ।
(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–
(क) "नगरपालिका" भन्नाले तारकेश्वर नगरपालिका सम्झनुपर्छ।

(ख) "डिजिटल बोर्ड" भन्नाले तारकेश्वर नगरपालिका बाट राखिएका LED, LCD, OLED, Smart Screen, Video Wall लगायत विद्युतीय प्रविधिबाट दृश्य/श्रव्य सामग्री प्रदर्शन गर्ने बोर्ड सम्झनुपर्छ।

(ग) "विज्ञापन" भन्नाले वस्तु, सेवा, सन्देश, सूचना वा ब्रान्डको प्रवर्द्धन गर्ने कुनै पनि वाक्य, शब्द, चित्र, चिन्ह, तस्विरको दृश्य, श्रव्य–दृश्य सामग्री सम्झनुपर्छ।

(घ) " विज्ञापन कर" भन्नाले डिजिटल बोर्डमार्फत प्रसारण हुने विज्ञापनमा लाग्ने कर सम्झनुपर्छ।

(ङ) "समिति" भन्नाले दफा ६ बमोजिमको डिजिटल बोर्ड व्यवस्थापन समिति सम्झनुपर्छ।

(च) "विज्ञापनदाता" भन्नाले डिजिटल वोर्ड मार्फत विद्युतिय विज्ञापन सामग्री उपलब्ध गराउने निजि क्षेत्र, संघ संस्था, व्यक्ति तथा अन्य निकाय सम्झनुपर्छ।

(च) "अनुमति" भन्नाले नगरपालिकाबाट प्रदान गरिने दफा १३ बमोजिमको स्वीकृति सम्झनुपर्छ।

(ज) "अनुगमन समिति" भन्नाले दफा ८ बमोजिम गठित समिति सम्झनुपर्छ।

(झ) "नगर कार्यपालिका" भन्नाले तारकेश्वर नगर कार्यपालिकालाई सम्झनुपर्छ।

(ञ) "आर्थिक ऐन" भन्नाले तारकेश्वर नगरपालिकाको आर्थिक ऐनलाई सम्झनुपर्छ।

परिच्छेद–२
उद्देश्य र दायरा

३. **उद्देश्य**: डिजिटल बोर्ड स्थापनाका उद्देश्यहरू देहायबमोजिम हुनेछन्:

(क) नगरपालिकाबाट भए/गरिएका कार्यहरुबारे नगरबासीलाई प्रभावकारी रुपमा सुसूचित गर्नु।

(ख) विज्ञापन प्रसारणमार्फत नगरपालिकाको आम्दानी वृद्धि गर्नु।

(ग) शहरी सौन्दर्य, सडक सुरक्षा तथा वातावरणीय सन्तुलन कायम गर्नु।

४. **दायरा**: यो कार्यविधि नगरपालिकाबाट नगरक्षेत्रभित्र राखिएका तथा भविष्यमा राखिने सबै किसिमका डिजिटल बोर्डहरू तथा तिमार्फत प्रसारण हुने विज्ञापनहरूमा लागू हुनेछ।

परिच्छेद–३
डिजिटल बोर्ड सञ्चालन तथा व्यवस्थापन

५. **डिजिटल बोर्ड संचालन तथा व्यवस्था**: डिजिटल बोर्डको सञ्चालन तथा व्यवस्थापन देहायबमोजिम हुनेछः

(क) नगरपालिकाले आवश्यक ठानेका स्थानहरूमा डिजिटल बोर्ड स्थापना गर्न सक्नेछ।

(ख) स्थापित डिजिटल बोर्डलाई नेपाल सरकारबाट स्वीकृति प्राप्त बीमा कम्पनीमा आवद्ध गरिनेछ।

(ग) डिजिटल बोर्डको सुरक्षा गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुनेछ।

६. **नगरस्तरीय डिजिटल बोर्ड व्यवस्थापन समिति**: डिजिटल बोर्डको सञ्चालन तथा व्यवस्थापन गर्न देहायबमोजिमको नगरस्तरीय डिजिटल बोर्ड व्यवस्थापन समिति रहनेछ।

(क) नगरप्रमुख – संयोजक

(ख) नगर उपप्रमुख – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) नगरप्रमुखले तोकेका वडाध्यक्ष (१ जना) – सदस्य

(ङ) नगरप्रमुखले तोकेका डिजिटल प्रविधि क्षेत्रका विज्ञ (१ जना) – सदस्य

(च) सूचना प्रविधि शाखा प्रमुख – सदस्य

(छ) प्रशासन शाखा प्रमुख – सदस्य–सचिव

७. **समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) डिजिटल बोर्डको सुरक्षा प्रबन्धसम्बन्धी आवश्यक निर्णय गर्ने।

(ख) डिजिटल बोर्डको स्थानान्तरणसम्बन्धी आवश्यक निर्णय गर्ने।

(ग) डिजिटल बोर्डको सञ्चालन तथा व्यवस्थापनसम्बन्धमा कार्यालयलाई आवश्यक राय, सुझाव तथा निर्देशनसहितको प्रतिवेदन कार्यपालिकामा पेश गर्ने।

(घ) आवश्यकता अनुसार यस कार्यविधिमा सुधार तथा संशोधनका लागि सिफारिस गर्ने।

(२) समितिबाट प्राप्त राय तथा प्रतिवेदनका आधारमा कार्यालयले आवश्यक सुरक्षा, व्यवस्थापन तथा अन्य प्रबन्धसम्बन्धी निर्णय गर्नेछ।

८. **विज्ञापन अनुगमन समितिः–** डिजिटल बोर्डबाट प्रसारण हुने विज्ञापनको अनुगमन गर्न देहायबमोजिम विज्ञापन अनुगमन समिति रहनेछः–

(क) नगर उपप्रमुख – संयोजक

(ख) सम्बन्धित वडाको वडाध्यक्ष – सदस्य

(ग) सूचना प्रविधि शाखा प्रमुख – सदस्य

(घ) राजस्व शाखा प्रमुख – सदस्य–सचिव

९. **अनुगमन समितिको काम, कर्तव्य र अधिकारः–** अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) विज्ञापनदाताले कार्यविधि पालना गरे/नगरेको सम्बन्धमा अनुगमन गर्ने।

(ख) खण्ड (क) बमोजिम अनुगमन गर्दा यस कार्यविधि वा प्रचलित कानूनको विपरीत भएको पाइएमा उक्त विज्ञापन संशोधन, हटाउने, बन्द गर्ने वा अन्य आवश्यक कारबाहीका लागि नगर कार्यपालिकामा सिफारिससहित प्रतिवेदन पेश गर्ने।

(ग) अनधिकृत रूपमा कर छली गरी विज्ञापन गरिएको पाइएमा प्रचलित कानूनअनुसार कारबाहीका लागि नगर कार्यपालिकामा सिफारिस गर्ने।

(घ) समितिले डिजिटल बोर्डको सुरक्षा प्रबन्ध, स्थानान्तरण, सञ्चालन तथा व्यवस्थापनसम्बन्धी नगर कार्यपालिकालाई रायसहित प्रतिवेदन पेश गर्ने।

(ङ) नगर कार्यपालिकाले तोकेका अन्य कार्यहरू गर्ने।

१०. **समितिको प्रतिवेदन उपर कारवाही:–** समितिले दफा ९ को खण्ड (ख) बमोजिम विज्ञापन बन्द वा हटाउने सिफारिससहितको प्रतिवेदन पेश गरेपछि, नगरपालिकाले विज्ञापनको स्वामित्वकर्तालाई आर्थिक ऐन तथा प्रचलित अन्य कानून अनुसार तोकिएको जरिवाना पन्ध्र दिनभित्र बुझाउन र उक्त विज्ञापन तत्काल बन्द गर्न, संशोधन गर्न वा हटाउन आदेश दिन सक्नेछ।

११. **नगरपालिकाको गतिविधि डिजिटल बोर्डबाट प्रसारण:–** नगरपालिकाले स्थापना गरेका डिजिटल बोर्डहरूमार्फत नगरपालिकाबाट संचालित कार्यक्रम तथा गतिविधिहरू आवश्यकताअनुसार प्रसारण गरी नगरबासीलाई सुसूचित गर्न सक्नेछ।

१२. **विज्ञापन प्रसारण गर्न निवेदन दिनुपर्ने:–** नगरपालिकाबाट स्थापित डिजिटल बोर्डमार्फत विज्ञापन प्रसारण गर्न चाहने विज्ञापनदाताले देहायबमोजिमका विवरणहरू सहित अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछः

(क) विज्ञापनको विषय, शब्द, चित्र, आकार–प्रकार र संख्या।

(ख) विज्ञापन प्रसारण गर्ने समय तथा दिन।

(ग) विज्ञापन प्रसारण गर्ने स्थानः कुनै एक वा सबै स्थान/वोर्डबाट।

(घ) नगरपालिकाले तोकेको अन्य आवश्यक कुराहरू।

तर, स्थानीय कला–संस्कृति, चाडपर्व, खेलकुद वा मनोरञ्जनका गतिविधिहरु स्थानीय बासिन्दाले प्रसारण गर्न चाहेमा, नगरस्तरीय डिजिटल बोर्ड व्यवस्थापन समितिले निर्णय गरी त्यस्तो कार्यक्रम निःशुल्क वा छुट शुल्कमा प्रसारण गर्न सक्नेछ।

१३. **विज्ञापन प्रसारण अनुमति:–** कार्यविधिको दफा १२ बमोजिम प्राप्त निवेदन उपर आवश्यक कारबाही गरी अनुसूची २ बमोजिमको ढाँचामा नगरपालिकाले विज्ञापन प्रसारण अनुमति दिनेछ।

१४. **विज्ञापन गर्न नहुने:–** देहायका विषयवस्तुमा विज्ञापन गर्न पाईने छैनः

(क) प्रचलित कानूनले उत्पादन, विक्री, वितरण, उपयोग वा प्रयोगमा निषेध गरेका कुनै वस्तु, पदार्थ वा सेवाको उत्पादन, विक्री, वितरण, उपयोग वा प्रयोग गर्न प्रोत्साहन गर्ने विषय।

(ख) जुवा खेल्न, खेलाउन वा चिठ्ठा किन्ने–किनाउने प्रोत्साहन गर्ने विषय।

(ग) अश्लील विषय वा तत्सम्बन्धी अन्य विषयवस्तु वा सेवाको उपयोग, प्रयोग गर्न वा गर्न प्रोत्साहन गर्ने विषय।

(घ) हतियार वा विस्फोटक पदार्थ वा नेपालको शान्ति, सुरक्षा र व्यवस्थामा खतरा उत्पन्न गर्न सक्ने अन्य यस्तै वस्तु वा पदार्थको उत्पादन, विक्री, वितरण, उपयोग वा प्रयोग गर्न प्रोत्साहन गर्ने विषय।

(ङ) चिकित्सकको सिफारिसमा मात्र विक्री गरिने औषधीहरूको विषय।

(च) नेपालमा विक्री, वितरण वा प्रयोगका लागि प्रचलित कानूनअनुसार अनुमति लिनुपर्नेमा त्यस्तो अनुमति प्राप्त भई नसकेको बस्तु वा सेवाको विक्रि, वितरण वा प्रयोगको विषय।

(छ) विद्यालय तथा विश्वविद्यालयका पाठ्यपुस्तक।

(ज) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय इकाइबीचको सम्बन्ध, सार्वजनिक शान्ति, सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा खलल पुऱ्याउने विषय।

(झ) नेपालको राष्ट्रिय झण्डा, राष्ट्रिय गान, राष्ट्रिय निशान वा त्यसको कुनै वा सबै भाग, राष्ट्रिय विभूतिको अवमूल्यन हुने विषय।

(ञ) राज्यद्रोह, गाली–बेईज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने विषय।

(ट) सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने विषय।

(ठ) धर्मप्रति अवहेलना गर्ने, लैङ्गिक विभेद एवं जातीय छुवाछुत तथा समुदायको सम्बन्धमा खलल पार्ने विषय।

(ड) निर्वाचनको स्वच्छतामा प्रतिकूल असर पार्ने विषय।

(ढ) ट्रेडमार्क, पेटेन्ट, डिजाइन लगायतका औद्योगिक सम्पत्तिको हकवालाको अनुमति वा स्वीकृति बिना त्यस्तो औद्योगिक सम्पत्तिको प्रयोग गर्ने विषय।

(ण) भ्रम वा अफवाह फैलाउने, उत्तेजना फैलाउने, स्वदेशी उत्पादनलाई निरुत्साहित गर्ने किसिमको शब्द, दृश्य वा संकेत प्रयोग गर्ने विषय।

(त) कानूनअनुसार गोप्य राख्नुपर्ने विषय।

(थ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले राजपत्रमा प्रकाशित गरी विज्ञापन गर्न रोक लगाएका विषय।

(द) प्रचलित कानूनले विज्ञापन गर्न निषेध गरेका अन्य विषय।

१५. <u>विज्ञापनदातालाई पुरष्कृत गर्न सकिने:–</u> नगरपालिकाले वार्षिक रुपमा सबैभन्दा धेरै कर तिर्ने विज्ञापनदाताहरु मध्येबाट उत्कृष्ट करदाता घोषणा गरी पुरस्कृत गर्न सक्नेछ।

१६. **<u>उजुरी दिन सकिने</u>**: (१) कसैले भ्रामक, अश्लिल, कसैको हीत प्रतिकुल हुने गरि विज्ञापन दिएको भएमा नगरपालिकामा उजुरी दिन सक्नेछ।

(२) उजुरी उपर नगरपालिकाले जाँचबुझ गरी प्राप्त प्रतिवेदनको आधारमा प्रचलित कानुन बमोजिम कारवाही गर्नेछ।

१७. <u>क्षतिपूर्ति सम्बन्धि व्यवस्था</u>:– (१) झुटो वा भ्रामक विज्ञापनको आधारमा बस्तु वा सेवाको उपयोग वा उपभोग गर्ने व्यक्ति वा संस्थालाई हानी, नोक्सानी वा अन्य क्षति पुगेमा, सोको क्षतिपूर्ति तिर्ने दायित्व विज्ञापनदाताको हुनेछ।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्ति दाबी सम्बन्धी निवेदन पर्न आएमा, नगरपालिकाले सो विषयमा छानबिन गरी आवश्यक कारबाहीका लागि सम्बन्धित क्षेत्राधिकार भएको निकायमा पेश गर्नु पर्नेछ ।

परिच्छेद–४
डिजिटल विज्ञापन कर व्यवस्थापन

१८. **कर लाग्ने:–** डिजिटल बोर्डमार्फत प्रसारण हुने प्रत्येक विज्ञापनमा डिजिटल विज्ञापन कर लाग्नेछ ।

१९. **कर निर्धारणका आधार:–** कर निर्धारण गर्दा देहायबमोजिमका आधारहरू लिइनेछन्:

(क) विज्ञापनको आकार र प्रकार ।

(ख) विज्ञापन प्रसारण अवधि तथा समय ।

(ग) विज्ञापन प्रसारण गर्ने स्थान ।

(घ) विज्ञापनको ब्राण्ड, चित्र वा संकेत ।

(ङ) नगरपालिकाले तोकेका अन्य आधारहरू ।

२०. **कर दर र दण्ड जरिवाना:–** डिजिटल बोर्डबाट प्रसारित विज्ञापनको कर, करको दर तथा दण्ड–जरिवाना आर्थिक ऐनले निर्धारण गरे बमोजिम हुनेछ ।

२१. **कर संकलन र भुक्तानी:–** नगरपालिकाले डिजिटल बोर्डबाट विज्ञापन वापत लिईने कर अग्रिम भुक्तानी गर्नुपर्नेछ ।

२२. **विज्ञापनमा कर नलाग्ने वा छुट हुने:–** (१) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा सार्वजनिक निकायले सार्वजनिक हित अभिवृद्धि गर्ने उद्देश्यले राखेको सूचना तथा सन्देशमूलक विज्ञापनमा कर लाग्ने छैन ।

(२) नगरपालिकाले वा मातहतका निकायले जारी गर्ने सूचना, कार्यक्रम तथा गतिविधि प्रसारण गर्दा कर लाग्ने छैन ।

(३) गैर–नाफामूलक संस्थाले सामाजिक चेतना अभिवृद्धि गर्ने उद्देश्यले विज्ञापन प्रसारण गर्दा, नगरपालिकाले तोकेको करमा आंशिक वा पूर्ण छुट दिन सक्नेछ ।

२३. **संशोधन:–** नगरकार्यपालिकाले आवश्यकता अनुसार कार्यविधिमा संशोधन गर्न सक्नेछ ।

२४. **कार्यविधिको व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकार:** कार्यविधिको कार्यान्वयनको शिलशिलामा कुनै द्विविधा हुन गएमा सो को व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार नगरकार्यपालिकालाई हुनेछ ।

अनुसूची–१

(दफा १२ सँग सम्बन्धित)

विज्ञापन प्रसारण निवेदनको ढाँचा

मितिः.....

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,

तारकेश्वर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, काठमाण्डौं ।

विषयः **विज्ञापन प्रसारण गरिपाउँ ।**

श्रीमान्,

यस तारकेश्वर नगरपालिकाको वडा नं. ..... स्थित ..... स्थानमा ..... सम्बन्धी डिजिटल विज्ञापन ..... देखि ..... अवधि सम्म, प्रतिदिन ..... समयसम्म स्मार्ट बोर्डमा प्रसारण गरिदिन तपशिलका कागजातहरू सहित अनुरोध गर्दछु ।

संलग्न कागजातहरुः

- ☐ संस्था दर्ता तथा नवीकरण पत्र प्रतिलिपि – थान १/१
- ☐ प्यान/भ्याट दर्ता पत्र प्रतिलिपि – थान १
- ☐ करचुक्ता प्रमाणपत्रको प्रतिलिपि – थान १
- ☐ सम्बन्धित वडाको सिफारिस – थान १
- ☐ विज्ञापन प्रसारण गरिने सामग्री (पेन ड्राइभ) – थान १
- ☐ निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि / Passport Size फोटो – थान १/१

संस्थाको छाप

निवेदकः

हस्ताक्षरः .....

नामः .....

ठेगानाः .....

सम्पर्क नं.: .....

अनुसूची – २

(दफा १३ संग सम्बन्धित)

<u>अनुमती पत्रको ढाँचा</u>

दर्ता मितिः

अनुमतीपत्र नं.:

श्री .....

तारकेश्वर नगरपालिका वडा नं. ..., मार्ग ..., घर नं. ..., ठेगाना ..... मा अवस्थित श्री .....को भवन/स्थानमा ..... बस्तु/सेवाको विज्ञापन **तारकेश्वर नगरपालिका डिजिटल बोर्ड व्यवस्थापन तथा विज्ञापन कर कार्यविधि, २०८२** को **दफा १३** बमोजिम, देहायका शर्तहरू पालना गर्ने गरी अनुमती प्रदान गरिएको छ ।

जारी गर्ने अधिकृत

हस्ताक्षरः

नामः .....

पदः.....

२. **अनुमतीपत्र प्राप्त व्यक्ति/संस्थाको दायित्वः**

अनुमतीपत्र प्राप्त व्यक्ति वा संस्थाले **कार्यविधिमा उल्लिखित मापदण्डहरू भित्र रहेर मात्र** विज्ञापन गर्न वा गराउन पाउनेछ ।

३. **डिजिटल विज्ञापन अनुमतिपत्रको अवधि:**

.....देखि ..... सम्म ।

४. **स्वीकृत डिजिटल विज्ञापनमा परिवर्तन वा स्थानान्तरणः**

स्वीकृत डिजिटल विज्ञापन बाहेक फरक विज्ञापन राख्नु परेमा वा विज्ञापनको स्थान परिवर्तन गर्नु परेमा, अनुमतीपत्र प्राप्त व्यक्तिले कार्यविधिमा उल्लेख भए बमोजिमको प्रक्रिया पूरा गर्नुपर्नेछ ।

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत

धर्मराज लम्साल